# पहिलो कोरिन्थी

प्रेरितको पुस्तकमा हामीले पावल प्रेरितले येशूको बारेमा सुसमाचार प्रचार गरी र मण्डलीहरु सुरु गर्न विभिन्न ठाउँहरुमा यात्रा गरेको बारेमा सिक्छौं। प्रेरित १८:१-१७ मा, पावल कोरिन्थ भन्ने शहरमा पुग्छ र त्यहाँ उनले अकिलास र प्रिस्किला नाउँ गरेका दम्पतीलाई भेट्छन् र तिनीहरुसँगै बस्छन्। पावलले कोरिन्थमा डेढ वर्ष बिताए र येशू नै ख्रिष्ट हुनुहुन्छ भनी गवाही दिनुभयो। उनले कोरिन्थमा मण्डली स्थापना गर्नुभयो र त्यसपछि उनी एफिसस भन्ने अर्को शहरमा गए। यो कोरिन्थीको पहिलो पत्र पावलले एफिसस शहरबाट लेख्नु भएको थियो। (१६:८)

**लेखक:** प्रेरित पावल



**लेखको मीति:** लागभग ५५ AD मा लेखिएको थिए।

**मूल दर्शक:** कोरिन्थ शहरमा येशूको अनुयायीहरु जो प्रायजसो गैर-यहूदीहरु थिए।

**पत्रको कारण:** पावल प्रेरितले पावललाई पठाएको पत्रमा सोधेका प्रश्नहरुको जवाफ दिन कोरिन्थीको मण्डलीलाई लेख्दैछन् (७:१)। उनले अरु व्यक्तिहरुबाट सुनेको समस्यहरु बारे पनि लेख्दैछन् (१:११;१५:१)। पावलले ति समस्याहरु सच्याउन र येशूको अनुयायीहरुलाई जे साही छ त्यहिँ गर्ने मद्दत गर्न लेखिरहेछन्।

**पत्रको मुख्य सन्देश:** नयाँ करारमा पहिलो कोरिन्थीको पत्रमा मुख्य सन्देश वा विषयवस्तु पहिचान गर्न सबैभन्दा चुनौतीपूर्ण पत्र हो। पावलले अन्य विभिन्न विषयहरुमा सिकाउँछन् जब उनले प्रश्नहरुको जवाफ दिन्छन् र केही मण्डलीका सदस्यहरुले उहाँलाई प्रतिवेदान गरेका समस्याहरु सुधार गर्ने प्रयास गर्छन्। पावलले सिकाउनुभएका विषयहरुको रुपरेखा:

1. परिचय र धन्यवाद ज्ञापन (१:१-९)
2. एउटै अगुवा अन्तर्गत एकताको आवश्यकता: येशू (१:१०-३:२३)
3. पावल ख्रिष्टको सेवक र कोरिन्थी मण्डलीको निम्ति पिता जस्तै (४:१-२१)
4. मण्डलीमा व्यविचार गर्न सक्दैन (५:१-१३)
5. विश्वासीहरुका बीच मुद्दा-मामिला (६:१-११)
6. शरीर पवित्र आत्माको मन्दिर (६:१२-२०)
7. विवाह, सम्बन्ध विच्छेद, अविवाहिता (७:१-४०)
8. मूर्तिलाई चढाएको खानेकुरा (८:१-१३)
9. पावल प्रेरितको अधिकार (९:१-२७)
10. मूर्तिपूजाबाट टाढा रहन (१०:१-११:१)
11. आराधनामा दुर्व्यवहार (११:२-३४)
12. पवित्र आत्माको वरदान, प्रेम र आराधना (१२:१-१४:४०)
13. शरीरको पुनरुत्थान (१५:१-५८)
14. भेटी उठाउने बारे निर्दशनहरु, अन्तिम सुझव, र आखिरी अभिवादन (१६:१-२४)

## कोरिन्थ शहर

कोरिन्थ आजको ग्रीसमा एक शहर हो। जब पावलले कोरिन्थीहरुलाई आफ्नो पत्र लेखे, कोरिन्थ रोमी साम्राजयमा ठूलो महत्वपूर्ण व्यापारको केन्द्र थियो। यो एक धनी शहर थियो जुन मनोरञ्जन र खेलकुदका लागि परिचित थियो। रोमी साम्राजयका अन्य क्षेत्रहरुमा कोरिन्थलाई यौन अनैतिक शहर मनिन्थ्यो। त्यहाँ एउटा भनाई थियो, “कोरिन्थयन जस्तै काम गर्न, जसको अर्थ यौन अनैतिक व्यवहार थियो। कोरिन्थीका विश्वासीहरु त्यो संस्कृतिबाट आएको थिए, र यसैले पावलले यौन शुद्धताको बारे धेरै सिकाउँछन्। (अध्याय ५-७)

## हराएको पत्र

१ कोरिन्थि ५:९ मा, पावलले कोरिन्थी मण्डलीलाई यसअघि लेखेको अर्को पत्र उल्लेख गरेका छन्। त्यो पत्र हराइएको थियो, र हामीलाई यस बारे धेरै जानकारी छैन। र धेरै जसोले पावलको पहिलो पत्रमा के लेखिएको थियो भन्ने बारे बुझ्न चाहन्छन्। पत्र लेख्नु र आफ्नो मित्रहरु मर्फत पत्र पठाउनु पावल आफुले सुरु गरेका मण्डलीहरु र अगुवहरुलाई शिक्षा र तालिम दिने तरिका थियो।

## प्रभु-भोज

येशूले आफ्नो अनुयायीहरुलाई अभ्यास गर्न दुईवटा धार्मिक प्रतीकहरु दिनुभयो। एउटा चाहिँ बाप्तिस्म र अर्को चाहिँ प्रभु-भोज हो। १ कोरिन्थीमा बप्तिस्मको बारे पावल यसो भन्छन्, “किनकी एउटै पवित्र आत्माद्धारा हामी सबैले एउटै शरीरमा बप्तिस्म पाएको छौं।” (१२:१३) पावलले पनि अध्याय ११ मा प्रभु-भोजको बारेमा धेरै राम्रो शिक्षा दिन्छन्। उहाँले प्रभु-भोजको दुरुप्रयोगमा कोरिन्थीहरुलाई सच्याउन सुरु गर्नुहुन्छ र त्यसपछि तिनीहरुलाई उहाँले आज्ञा पालन गर्न दिनुभएको निर्देशन सम्झना गर्नुहुन्छ। संसारभरका येशूका अनुयायीहरुले प्रभु-भोज लिँदा येशूको मृत्यु र पुनरुत्थानलाई सम्झन्छन्। प्रभु-भोज लिँदा, हामी येशू फेरी कहिले आउनुहुनेछ भनेर पर्खिरहेको हुन्छौं। (११:२६) येशूका धेरै अनुयायीहरुले प्रभु-भोज लिनु अघि १ कोरिन्थी ११:२३-२६ पढ्छन्।

## प्रेम र आत्मिक वरदानहरु

कोरिन्थीका विश्वासीहरु पवित्र आत्माको वरदानहरुको उत्कट इच्छा राख्थे, तर तिनीहरुले सबैभन्दा महत्वपूर्ण कुरा चाहिँ बुझेको थिएनन्। अध्याय १२-१४ सम्म, पावलले तिनीहरुको बुझाइ सच्याउछन्। पावलले तिनीहरुलाई पवित्र आत्माको वरदान र प्रेम बारे होसियारीपूर्वक सिकाउँछन्।
उनको शिक्षाले तीन वटा चरणहरु सृजन गर्दछ:

प्रेम के हो: (१३:४-७)

१३:१-३ प्रेम र पवित्र आत्माका वरदानहरु १३:८-१३

१२:१-३१ पवित्र आत्माका वरदानहरु १४:१-२५

यसरी आफ्नो शिक्षालाई व्यवस्थित गर्दै, पावलले आफ्ना पठकहरुको ध्यान सबै भन्दा महत्वपूर्ण चरणमा केन्द्रित गर्न चाहन्छन् र सबैभन्दा महत्वपूर्ण कुरा प्रेम हो। यसको मतलभ कोरिन्थीका विश्वासीहरु पवित्र आत्माका वरदानहरु पाउन उत्कट इच्छा राख्छन् तर वास्तवमा देखाउँदैनथे। पावलले पवित्र आत्माका वरदानहरु बारे बताएपछि, “तर अझ उच्च वरदानहरुको उत्कट इच्छा गर” (१२:३१)। सबैभन्दा ठूलो वरदान प्रेम हो। प्रेम के हो भनेर बुझाए पछि, पावल भन्छन् “प्रेमलाई तिमीहरुको लक्ष्य बनाओ, र आत्मिक वरदानहरुका निम्ति उत्कट अभिलाषा राख।” (१४:१) पवित्र आत्माका वरदानहरु बारे उनको शिक्षामा प्रेमलाई बीचमा राखेर, पावलले प्रेम सबै भन्दा महत्वपूर्ण कुरा हो भनी देखाउँदैछन्।

